विवरणमा :
→ रोक्का ... ५.
...f6fd4a794d9.jpg (2480×3508)

नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
# Nepal Stock Exchange Limited
(An Undertaking of Govt. of Nepal)

पत्र संख्या : २४५-७६/७७
*Ref. No*

**अत्यन्त जरुरी**

श्री मल्टीपर्पस फाइनान्स कम्पनी लिमिटेड
राजबिराज, सप्तरी ।

मिति : २०७६/०५/२९

**बिषय : धितोपत्र सूचीकरण स्थगन गरिएको बारे ।**

उपरोक्त सम्बन्धमा त्यस कम्पनीबाट आजको मितिमा च.नं. ८३-७६/७७ को मिति २९७६/०५/२९ गते उल्लेख गरी प्रेषित गरिएको पत्रमा त्यस कम्पनीको मिति २०७६/०५/२९ मा बसेको संचालक समितिको निर्णयलाई उदृत गर्दै उक्त कम्पनीको साधारण सभा प्रयोजनका लागि मिति २०७६/०५/३० देखि २०७६/०६/०४ सम्म दर्ता किताब बन्द गर्ने भन्ने व्यहोराको पत्र प्राप्त भयो । यसै सन्दर्भमा, **धितोपत्र सूचीकरण विनियमावली, २०७५ को विनियम २२ (१)(ग)** तथा **धितोपत्र सूचीकरण सम्बन्धी सम्झौताको शर्त १०** बमोजिम *धितोपत्र दाखिला खारेज बन्द (बुक क्लोज) हुने सम्बन्धी सुचना त्यस्तो दखिला खारेज हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगाडि* नेप्सेमा सूचीकृत सस्थाले पेश गर्नुपर्नेछ भनि उल्लेख भएको हुदाँ उक्त प्रावधानुसार त्यस कम्पनीले के कति कारणले तोकिए बमोजिम ७ (सात) दिन अगावै दर्ता किताब बन्द सम्बन्धी सूचना नपठाएको हो ? साथै, नेप्सेमा उपर्युक्त बमोजिम प्रेषित पत्रमा *मिति २९७६/०५/२९* उल्लेख भएकोमा त्यस कम्पनीको भनाई के छ ? यस पत्र प्राप्त मितिले ३ (तीन) कार्य दिन भित्र स्पष्टिकरण पेश गर्नुहुन निर्णयानुसार अनुरोध गर्दछु । साथै, अर्को निर्णय नभएसम्मका लागि उक्त विनियमावलीको **विनियम १६ (१) (ख)** बमोजिम त्यस कम्पनीको सूचीकरण स्थगन गरिएको व्यहोरा समेत अनुरोध गर्दछु ।

भवदीय

..................
(भेषराज खनाल)
बरिष्ठ अधिकृत
सूचीकरण शाखा

**बोधार्थः**
श्री नेपाल धितोपत्र बोर्ड
जावलाखेल, ललितपुर ।

श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यूको सचिवालय,
नेप्से ।

श्री आई टि शाखा- कारोवार रोक्का गर्नुहुन ।
नेप्से ।

पो. ब. नं. १५५०, यु.एन.आई.शान्तिमार्ग , काठमाण्डौ, नेपाल ।
Tel.: 4250758, 4250735 Fax: 4262538 E-mail :info@nepalstock.com

**मल्टीपर्पस फाइनान्स कम्पनी लिमिटेड(वितिय संस्था)**
राजविराज ,सप्तरी ,नेपाल ।
**नेपाल राष्ट्र बैंकबाट "ग" श्रेणीका ईजाजत प्राप्त**
**नेपाल रा.बैंक/प.नं.वि.क.४३/०५४**
**दर्ता नं. - ६४४।०५३।५४ प्यान नं. ३००४९२०३३**

पत्र संख्या : 066/66
चलानीनं. : 83

मिति : २९७६।५।२९

श्री नेपाल स्टक एक्सचेंज लि.
सिंहदरवार प्लाजा , काठमान्डौ ।

विषय : शेयर खरिद विक्रीको कारोवार वन्द राखि दिने सम्वन्धमा :

महाशय ,

उपरोक्त सम्वन्धमा यस वितिय संस्थाको मिति २०७६।४।२९ गते वसेको संचालक समितिको वैठक नं. ३४८ को सर्वसम्मत निर्णयानुसार संस्थाको २० औ एवं २१ औ वार्षिक साधारण सभा संयुक्त रुपले मिति २०७६।६।४ शनिवारको दिन वस्ने भएकोले उक्त साधारण सभा प्रयोजनको लागि मिति २०७६।५।३० देखि मिति २०७६।६।४ सम्म यस वितिय संस्थाको शेयर खरिद विक्री कार्यक्रम वन्द राखि दिन हुन हार्दिक अनुरोधार्थ यो पत्राचार गरिएको छ । साथै २०७६ साल भाद्र २९ गते सम्म त्यस लिमिटेडमा शेयर कारोवार भै मिति २०७६ साल असोज २ गते सम्म कम्पनीको शेयर रजिष्ट्रार सिभिल क्यापिटल मार्केटमा प्राप्त शेयरहरु मात्र साधारण सभा अघि नामसारी एवं दा.खा. हुने वेहोरा समेत जानकारी गराइन्छ ।

वोधार्थ :

१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर , काठमान्डु ।
२. श्री नेपाल धित्तोपत्र वोर्ड
जावलाखेल , ललितपुर ।
३. श्री सिभिल क्यापिटल मार्केट
सुनधारा , काठमन्डौ ।
४. सि.डी.एस.सि.लि.
सिंहदरवार प्लाजा , काठमान्डौ ।

भवदीय,

पंचानन्द झा
ना.महाप्रवन्धक
ना. महा प्रबन्धक

*Phone/Fax : 00977-31-521170* *E-mail : mfclfin43@gmail.com*
*Website : www. multipurposefinance.com*

नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government. of Nepal)

**अत्यन्त जरुरी**

पत्र संख्या :

Ref No. :२४७-२०७६।७७

श्री मल्टीपर्पस फाइनान्स कम्पनी लिमिटेड,
राजविराज, सप्तरी ।

मिति :२०७६/०५/३०

**बिषयः भूल सच्याईएको बारे ।**

उपर्युक्त सम्बन्धमा यस लि.ले मिति २०७६/०५/२९ गते च.नं.२४५–२०७६/७७ को पत्रमा त्यस संस्थाको सञ्चालक समितिको वैठक बसेको मिति उल्लेख गर्दा २०७६/०४/२९ हुनुपर्नेमा अन्यथा भएकोमा सच्याईएको व्यहोरा अनुरोध छ ।

बोधार्थ :
श्री नेपाल धितोपत्र वोर्ड,
जावलाखेल, ललितपुर ।

श्री प्रमुख कार्यकारी अधिकृतज्यूको सचिवालय, नेप्से ।

श्री सूचना प्रविधि शाखा, नेप्से ।

भवदीय,

.....................
(भेषराज खनाल)
वरिष्ठ अधिकृत
सूचीकरण शाखा